श्री
# उच्च अदालत तुलसीपुर
# बुटवल इजलास
(प्रशासन शाखा)
रुपन्देही

चलानी नं.
पत्र संख्या:-०७७/०७८

फोन नं. ०७१ ५४०११०, ५४०१२६, ५४९११०
फ्याक्स नं. ०७१-५४११६१
E-Mail: Infoacbutwal@acourt.gov.np

मितिः- २०७८।२।२७

## सूचना ! सूचना !! सूचना !!!

आज मिति २०७८।२।२७ गते बिहीबारका दिन उच्च अदालत तुलसीपुर बुटवल इजलासका माननीय न्यायाधीश श्री शिवराज अधिकारीज्यूको अध्यक्षतामा बसेको यस अदालतको पूर्ण बैठकबाट तपसिल बमोजिमको निर्णय भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

तपसिल

१. उच्च अदालत तुललसीपुर बुटवल इजलास अवस्थित रहेको रुपन्देही जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट कोभिड-१९ को नयाँ भेरियन्टको महामारीको संक्रमण तीब्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमण फैलन नदिन तथा यसको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन समेतका लागि मिति २०७८।२।३१ गतेसम्मका लागि निषेधाज्ञाको आदेश जारी भएको सन्दर्भमा सेवाग्राहीहरुको शिघ्र न्याय प्राप्तिमा संवेदनशील समेत बन्दै उच्च सरकारी वकिल कार्यालय बुटवलका सहन्यायाधिवक्ता र उच्च अदालत बार इकाई बुटवलका अध्यक्ष विशेष आमन्त्रित रही बसेको यस अदालतको विभिन्न मितिका पूर्ण बैठकबाट बन्दीप्रत्यक्षीकरणका निवेदन र कोभिड-१९ सँग सम्बन्धित रिट निवेदनको सुनुवाइ, पक्राउ पूर्जी जारी गर्ने, जरुरी पक्राउ पूर्जी समर्थन, कल डिटेलको अनुमति प्रदान, अभियोग पत्र दर्ता, बयान र थुनछेक आदेशका कार्य एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा माग सम्बन्धी पेश हुन आएका निवेदन, मिलापत्र तथा मुद्दा फिर्ताको लागि पेश भएका निवेदनहरुको सुनुवाई गर्ने गरी अन्य सेवाहरु स्थगन भएकोमा आजै उच्च अदालत बार ईकाइ बुटवलका पदाधिकारी समेतसँग भएको बार बेन्च बीचको अन्तरक्रियामा प्राप्त सुझाव समेतका आधारमा मिति २०७८।२।३० गते देखि थप रुपमा तपसिलका सेवाहरु प्रवाह गर्ने:-

तपसिल

- वादी नेपाल सरकार भएका पुनरावेदनपत्रहरुको दर्ता,
- रजिस्ट्रारको आदेश उपर परेको निवेदनको सुनुवाई,
- नेपाल सरकार वादी भई दायर भएका र विपक्षी झिकाउने आदेश नभएका पुनरावेदनपत्र सुनुवाई,
- साधक मुद्दाको सुनुवाई,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम दायर भएका निवेदन एवं सो दफा बमोजिम पर्न आउने निवेदनहरुको प्रारम्भिक सुनुवाई गर्ने ।
- दायर हुने अभियोगपत्रमा थुनछेक आदेशका क्रममा हुने बहस पैरवीमा भर्चुअल विधिको प्रयोग गर्ने।
- पक्षहरुको निवेदन पर्न आएमा थुनछेक तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरुको पूर्ब सुनुवाई भर्चुअल माध्यमबाट गर्ने ।
- अन्य सेवाहरुको प्रवाह मिति २०७८।२।३१ गतेसम्मका लागि पूर्बवत रुपमा स्थगन गर्ने।

२. निषेध आदेश जारी भएको अवस्थामा मुद्दाको हदम्याद, म्याद, तारेख नगुज्रने । यस सम्बन्धमा सर्वोच्च अदालतको वृहत पूर्ण इजलासबाट मिति २०७७।२।१५ मा भएका आदेश बमोजिम हुने।

(..........)
अच्युत कुईकेल
रजिस्ट्रार (सहसचिव)

D:\Official File\फलकोर्टको निर्णयहरु\सूचना.docx